प.स. ०७९।८०

च.न. 36

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय प्यूठान २०६१

मितिः २०७९।५।१

बिषयः निर्वाचन खर्च विवरण सम्वन्धमा।

श्री स्थानीय तह (सबै),
प्यूठान ।

प्रस्तुत बिषयमा स्थानीय तह निर्वाचन, २०७९ का उम्मेदवारहरुले निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश गर्नुपर्ने कानूनी ब्यवस्था रहेको हुदाँ तोकिए बमोजिम निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समायवधि समाप्त भई सकेपछि खर्चको विवरण बुझाउने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण निर्वाचन आयोगको Website: www.election.gov.np र यस कार्यालयको Website तथा सूचना पाटीमा समेत टाँस गरिएको छ ।

निर्वाचन आयोगको चलानी नं. ८० मिति २०७९।०५।०१ को पत्रबाट निर्देश भए बमोजिम यसै साथ संलग्न गरी पठाईएका नाम नामेशी विवरण मिति २०७९।५।१ गते गोरखापत्रमा प्रकाशित ***स्थानीय तह निर्वाचन, २०७९ मा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुको नाउमा ७ दिन भित्र सफाई सहितको स्पष्टिकरण पेश गर्ने सम्बन्धी*** सूचना प्रयोजनार्थ तहाँ कार्यालयको Website र कार्यालयमा सबैले देख्नेगरी प्रकाशन गरी रित पूर्वकको मुचुल्का खडा गरी यस कार्यालयमा पठाउने आवश्यक ब्यवस्थाका लागि अनुरोध छ ।

(देविराम पाठक)
जिल्ला निर्वाचन अधिकारी

# जिल्ला निर्वाचन कार्यालय,प्यूठान
# DISTRICT ELECTION OFFICE, PYUTHAN


प.स. ०७९।८०	मितिः २०७९।५।१

च.न. ३८

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय प्यूठान २०६१

बिषयः खर्चको विवरण सार्वजनिक गर्ने सम्वन्धमा।

श्री स्थानीय तह (सबै),
प्यूठान ।

प्रस्तुत बिषयमा निर्वाचन आयोगको चं.नं. ८० मिति २०७९।०५।१ को पत्रबाट स्थानीय तह निर्वाचनमा उम्मेदवारी दिई निर्वाचित वा पराजित भई निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचन खर्चको विवरण पेश गरेका यसै साथं संलग्न सूची बमोजिमका उम्मेदवारहरुले निर्वाचनमा भएको खर्चको विवरण (मिति २०७९।५।१ गते गोरखापत्रमा प्रकाशित सूचना सम्बन्धमा) प्रयोजनार्थ निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको कार्यालयमा र वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य पदका उम्मेदवारहरुले आफू उम्मेदवार भएको स्थानीय तहको सम्बन्धित वडाका कार्यालयमा सात दिन भित्र खर्चको विवरण सार्वाजनिक गरी सोको जानकारी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयलाई उपलब्ध गराउने निर्देश भए बमोजिम निर्वाचनमा भएको खर्चको विवरण सार्वजनिक गरी सोको जानकारी यस कार्यालयमा उपलब्ध गराई दिने आवश्यक ब्यवस्थाताका लागि अनुरोध छ ।

(देविराम पाठक)
जिल्ला निर्वाचन अधिकारी